रम्भा गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८३।०५।११ गते

आ.व. २०८३/०८४

बैठक क्र.सं ०४

जम्मा बैठक संख्या: १००

---

आज मिति २०८३/०५/११ गते रम्भा गाउँपालिकाका अध्यक्ष एवम् गाउँकार्यपालिकाका अध्यक्ष श्री विष्णु प्रसाद भण्डारी ज्यूको अध्यक्षतामा देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वसी देहाय वमोजिमका निर्णय गरियो।

## उपस्थिति

| सि नं. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री विष्णु प्रसाद भण्डारी | अध्यक्ष | | |
| २ | श्री राधा कुमारी श्रेष्ठ | उपाध्यक्ष | | |
| ३ | श्री ईश्वरी काफ्ले | १ नं. वडा अध्यक्ष | | |
| ४ | श्री चेत बहादुर सुनारी | २ नं. वडा अध्यक्ष | | |
| ५ | श्री थमन बहादुर गाहा | ३ नं. वडा अध्यक्ष | | |
| ६ | श्री कृष्ण बहादुर रायमाझी | ४ नं. वडा अध्यक्ष | | |
| ७ | श्री खुमकान्त बस्याल | ५ नं. वडा अध्यक्ष | | |
| ८ | श्री हिमा कुमारी सिंजाली | सदस्य | | |
| ९ | श्री सरस्वति वि.क. | सदस्य | | |
| १० | श्री विमला जि.आर. | सदस्य | | |
| ११ | श्री नानु कुमारी गन्धर्व | सदस्य | | |
| १२ | श्री भोज बहादुर वि.क. | सदस्य | | |
| १३ | श्री नेत्र बहादुर वि.क. | सदस्य | | |
| १४ | श्री पोष्टराज न्यौपाने | नि.प्र.प्र.अ | | |
| १५ | | | | |
| १६ | | | | |
| १७ | | | | |
| १८ | | | | |

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

रम्भा गाउँपालिका

गाउँ कार्यपालिका बैठक

सम्वत् २०८३।०५।११ गते

आ.व. २०८३/०८४

बैठक क्र.सं ०४

जम्मा बैठक संख्या: १०१

---

**निर्णयहरु:**

१. **गत बैठकको समीक्षा तथा प्राप्त पत्रहरुको जानकारी सम्बन्धमा:** अघिल्लो गाउँकार्यपालिकाको बैठकका निर्णयहरुको सम्वन्धमा छलफल भई विभिन्न कार्यालयहरुबाट प्राप्त पत्रहरुको जानकारी गरियो।

२. **२०८३।०५।१० गतेको विनासकारी बाढीका सम्बन्धमा:** मिति २०८३ साल भाद्र १० गते रसुवा जिल्ला स्थित भोटेकोशी नदिमा आएको विनाशकारी एवं अभूतपूर्व ठूलो बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, चितवन लगायतका विभिन्न स्थानहरुमा विपद्मा प्रभावित नागरिकहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि राहत तथा सहयोग स्वरुप यस गाउँपालिकाको तर्फबाट प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु.२,५०,०००।-(अक्षरेपी दुई लाख पचास हजार रुपैयाँ) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

३. **जनप्रतिनिधीहरुको तर्फबाट गरिने आर्थिक सहायोग सम्बन्धमा:** उक्त भीषण प्राकृतिक विपद्मा प्रभावित नागरिकहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि राहत तथा सहयोग स्वरुप यस गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधीहरुको तर्फबाट भाद्र महिनाको सेवा सुविधाबाट ५(पाँच) दिनको हुन आउने रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो।

४. **श्रीकृष्ण जन्माष्टमी, हरितालिका तिज लगायतका चाडमा गरिने सांस्कृतिक एंव अन्य कार्यक्रम सम्बन्धमा:** विनाशकारी बाढीका कारण सिंगो देश नै यतिबेला शोक र संकटको घडीमा रहेको हुँदा यस्तो दुःखद र संवेदनशील परिस्थितिलाई मध्यनजर गर्दै यस वर्ष परेका कृष्ण जन्माष्टमी, हरितालिका तीज लगायतका चाडपर्वहरूमा सार्वजनिक सांस्कृतिक कार्यक्रम, सामूहिक दर खाने कार्यक्रम र मेला-महोत्सवहरू पूर्ण रूपमा नगर्न/नगराउन सम्पूर्ण रम्भावासीलाई अनुरोध गर्ने निर्णय गरियो।

५. **विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई आर्थिक एंव अन्य सहयोगका लागि अनुरोध गर्ने सम्बन्धमा:** यस्तो संकटको घडीमा प्रभावित नागरिकहरूको तत्काल उद्धार, राहत वितरण र दीर्घकालीन पुनर्स्थापनाक लागि यस रम्भा गाउँपालिका अन्तर्गतका व्यक्ति तथा संघ संस्थाहरुलाई आर्थिक, भौतिक तथा जिन्सी सामग्रीहरु सहयोगका लागि अनुरोध गर्ने निर्णय गरियो।

६. **हरितालिका तिज कार्यक्रममा विनियोजित बजेट सम्बन्धमा:** यस रम्भा गाउँपालिकाको महिला समन्वय समितिको परामर्शवाट चालु आ.व २०८३/८४ मा हरितालिका तिज कार्यक्रमका लागि विनियोजित बजेटलाई विपद् प्रभावित नागरिकहरुको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि राहत तथा सहयोग स्वरुप प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गर्ने निर्णय गरियो।

७. **समवेदना तथा श्रद्धाञ्जली सम्बन्धमा:** रसुवा जिल्ला स्थित भोटेकोशी नदिमा आएको विनाशकारी एवं अभूतपूर्व बाढीका कारण विभिन्न स्थानहरुमा विपद्मा परि आफ्नो अमूल्य जीवन गुमाउनु भएका सम्पूर्ण मृतकहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकको यस अत्यन्तै कठिन परिस्थितिमा रहनुभएका शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौ। साथै, घाइते तथा प्रभावित सम्पूर्ण नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना समेत गरिन्छ।